**AUSTRALIAN EMBASSY**
**KATHMANDU**

4 November 2010

# प्रेस वक्तव्य

## अस्ट्रेलियाली दुतावासद्वारा 8 परियोजनाहरुलाई करीब रु 1 करोड 14 लाख आर्थिक सहयोग

नेपालका लागि अस्ट्रेलियाली राजदुत श्रीमति सुजन ग्रेसले, विहीवार, 4 नोभेम्वर 2010, मा एक कार्यक्रम बिच विभिन्न आठ परियोजनाहरुलाई एक वर्षको अवधीको लागि रु 1 करोड 14 लाख बराबरको आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

दुतावासको प्रत्यक्ष सहयोग कार्यक्रम 2010-11 अन्तर्गत स्वास्थ्य र सरसफाई, भौतिक पुर्वाधार निर्माण, मानव अधिकार र अपांगता सम्वन्धी निम्न अनुसार परियोजनाहरुलाई सहयोग प्रदान गर्दैछ ।

1. नेपाल नेत्रहीन संघलाई नेपाली भाषा सफ्टवेर खरीद गर्न ।
2. नेपाल आँखा कार्यक्रमलाई आँखा शिविर र मोतिविन्दू शल्यकृया शिविर सञ्चालन गर्न ।
3. धुनिवेसी आदर्श क्याम्पस, धादिङ, लाई कम्प्युटर ल्याव र पुस्तकालय स्थापना गर्न ।
4. शीर मेमोरीयल अस्पताल, बनेपा, लाई जलेको र पाठेघर खसेको बिरामीको शल्यकृया गर्न ।
5. नेपाल नेटवर्क फर क्यान्सर ट्रिटमेण्ट एण्ड रिसर्चलाई स्तन र पाठेघरको क्यान्सरको निदान र निवारणात्मक कृयाकलाप संचालन गर्न ।
6. हिमालय उद्दार संघलाई आवश्यक चिकित्सा उपकरण खरिद गर्न ।
7. सिद्दि स्मृति अस्पताललाई जेनेरेटर र ट्रान्सफर्मर खरिद गर्न ।
8. ह्युमन राईट्स फिल्म सेन्टरलाई विपन्न महिलाहरुलाई चलचित्र निर्माण तालिम प्रदान गर्न ।

अस्ट्रेलियाली सरकारले आर्थिक वर्ष 2010-11 को लागि नेपालको लागि समुद्रपार विकास सहयोग अन्तर्गत सांढे 1.25 अर्व रुपैयाको सहयोगको घोषणा गरेको छ ।

गएको वर्ष प्रत्यक्ष सहयोग कार्यक्रम अन्तर्गत दुतावासले 17 परियोजनाहरु लाई करीब 1 करोड 9 लाख बराबरको सहयोग प्रदान गरेको थियो ।

- अन्त्य

Australian Embassy, P.O. Box 879, Bansbari, Kathmandu, NEPAL
Telephone: 977 1 4371 678 Facsimile: 977 1 4371 533
Website: www.nepal.embassy.gov.au